नेपाल सरकार

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

ताहाचल, काठमाडौं ।

## करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रकाशन मिति : २०८३।०४।२९)

केन्द्रमा करार सेवामा निम्न अनुसारका जनशक्ति आवश्यक भएकोले तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आफूले प्राप्त गरेको नागरिकता, कार्य अनुभव र शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपिहरू उम्मेदवार स्वयंले प्रमाणित गरी हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति फारामको निर्दिष्ट स्थानमा टाँसी मिति २०८३/०५/०४ गते कार्यालय समयभित्र दस्तुर बुझाई दरखास्त दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट दरखास्त पेश गर्न सकिनेछ। रीत नपुगेको वा म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही हुनेछैन ।

| सि. नं. | सूचना नं. | पद | तह | सङ्ख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १/ २०८३/८४ | इन्जिनियर | ७ | १८ | १,२००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण इन्जिनियरिङ वा सिभिल इन्जिनियरिङ वा मेकानिकल इन्जिनियरिङ वा इलेक्ट्रिकल इन्जिनियरिङ वा इलेक्ट्रोनिक्स तथा कम्युनिकेशन इन्जिनियरिङ वा कृषि इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। |
| २ | २/ २०८३/८४ | प्रशासकीय अधिकृत | ६ | २ | १,२००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको। |
| ३ | ३/ २०८३/८४ | प्राविधिक सहायक | ५ | ४ | ७००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र नवीकरणीय ऊर्जा क्षेत्रमा कम्तीमा एक वर्षको कार्य अनुभव प्राप्त गरेको। |
| ४ | ४/ २०८३/८४ | कम्प्युटर अपरेटर | ४ | १ | ५००/- | मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा दस कक्षा उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी कम्तीमा ३ महिनाको आधारभूत तालिम लिएको। |

द्रष्टव्य :

१. जनशक्ति छनोट गर्दा करार जनशक्ति छनोट सम्बन्धी कार्यविधि, २०८२ मा रहेको व्यवस्था बमोजिम गरिनेछ ।

२. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताका हकमा समकक्षता निर्धारण गरिएको प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ ।

३. परीक्षा दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको कार्यालय कोड नं. ३०८००३५०२ को राजस्व शीर्षक नं. १४२२४ मा जम्मा गरी सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ ।

४. परीक्षाको माध्यम भाषा नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुनेछ ।

५. लिखित परीक्षाबाट छनोट भएका व्यक्तिहरू मात्र अन्तर्वार्तामा सम्मिलित हुन पाउनेछन् ।

६. सेवा तथा सुविधा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको नियमानुसार हुनेछ। सम्पादन गर्नुपर्ने काम तथा अन्य सर्तहरू सम्झौता बमोजिम हुनेछ ।

७. दरखास्त फाराम, कार्य विवरण र पाठ्यक्रम केन्द्रको वेबसाइट **www.aepc.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

८. लिखित परीक्षाको मिति केन्द्रको website र सूचना पाटीमा प्रकाशित गरिनेछ ।

- छनोट समिति